सभाका अध्यक्ष ज्यू
प्रमुख अतिथि
विशिष्ट अतिथि,
अतिथि ज्यूहरु,
नगरसभाका सदस्यज्यूहरु,
पत्रकारज्यूहरु
उपस्थित सबै कर्मचारीहरु ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले मताधिकार मार्फत दिएको अधिकारलाई प्रयोग गर्दै तीनै तहका प्रतिनिधिहरु आ–आफ्नो कार्यक्षेत्रमा संविधानद्वारा प्रदत्त अधिकार र कर्तव्यको पालना गर्ने क्रममा प्रयत्नरत छौं । यसै सन्दर्भमा स्थानीय सरकारको रुपमा स्थापित जलेश्वर नगरपालिकाको उत्तरोत्तर प्रगति एवं विकासप्रति हामी यहाँका सम्पूर्ण जनप्रतिनिधिहरु लोकतन्त्रलाई सामाजिक जीवनपद्यतिका रुपमा स्थापित गर्ने कुरामा प्रतिबद्ध रहेका छौं ।

**नगरसभासदस्यहरु**,

चालु आ.व. को कोभिड १९ को संक्रमणका कारण विश्वभरी नै मानव सभ्यतामाथि मच्चिन गएको खैलाबैलाका बाबजुद आज म जलदेश्वर नगरपालिकाको नगर उपप्रमुखको हैसियतले आगामी आ.व. २०७७/०७८ को अनुमानित बजेट यस सम्मानित नगरसभा समक्ष पेश गर्न गइरहेको छु ।



जलेश्वर नगरपालिकाको आ. व. २०७७/०७८ को बजेट अनुमान

**<u>आ. व. २०७७/०७८ को बजेट अनुमान</u>**

१. राजस्व बाँडफाँडतर्फ संघबाट प्राप्त हुने रकम रु. ९ करोड ३४ लाख ४९ हजार ३ सय १० र प्रदेशबाट प्राप्त हुने रकम रु ७८ लाख ९५ हजार गरी जम्मारु १० करोड १३ लाख ४४ हजार ३ सय १०

२. वित्तीय समानीकरण अनुदानतर्फ संघबाट प्राप्त हुने रु. १६ करोड ६ लाख र प्रदेशबाट प्राप्त हुने रु. ७९ लाख ७३ हजार गरी जम्मा रु. १६ करोड ८५ लाख ७३ हजार ।

३. सशर्त अनुदानतर्फ संघबाट प्राप्त हुने रु. २५ करोड ३ लाख र प्रदेशबाट प्राप्त हुने रु.८० लाख गरी जम्मा रु.२५ करोड ८३ लाख।

४. विशेष र समपूरक अनुदानतर्फ संघबाट प्राप्त हुने रु. १ करोड र प्रदेशबाट प्राप्त हुने रु. ५० लाख गरी जम्मा रु.१ करोड ५० लाख ।

५. आगामी आ. व. को अनुमानित आन्तरिक स्रोत रु. ३ करोड, अघिल्लो वर्षकोअ. ल्या. रु.४ करोड गरी जम्मा रु ७ करोड ।

६. सामाजिक सुरक्षा कार्यक्रम तर्फ १६ करोड १० लाख ।

७. आन्तरिक स्रोत र सबै किसिमका अनुदानहरु, सामाजिक सुरक्षा भत्ताको जोड गर्दा कूल बजेट जम्मा रु. ७७ करोड ४२ लाख १७ हजार ३ सय १० को अनुमान गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तुत गरिएको अनुमानित बजेटले आगामी वर्षमा कोभिड १९ को संक्रमणका कारण समुदायस्तरमा पर्न गएको स्वास्थ्य एवं आर्थिक अवस्था माथिको नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि विशेष जोड दिनेछ । साथै कृषि क्षेत्रको विविधिकरण गर्दै समुदायलाई आत्मनिर्भर बनाउने तर्फ विशेष पहल गर्ने वचन वद्‌धता समेत बजेटले आत्मसात गरेको छ ।

**धन्यवाद ।।। जय जलेश्वरनाथ महादेव ।।।**